कानेपोखरी गाउँपालिका, मोरङद्वारा प्रकाशित

# कानेपोखरी राजपत्र

खण्डः३ संख्याः७ मितिः२०७६।०५।२८

## भाग - १

# कानेपोखरी गाउँपालिका

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को उपदफा(१) ले दिएको अधिकार प्रयोग गरी कानेपोखरी गाउँपालिकाको छैठौं गाउँसभाले यो ऐन पारित गरी सर्वसाधारणको जानकारीको लागि यो राजपत्र प्रकाशन गरिएको छ ।

# कानेपोखरी गाउँपालिकाको नगर प्रहरी ऐन, २०७६

**प्रमाणीकरण मितिः२०७७/०५/१०**
**२०७६ सालको ऐन नं.७**

**प्रस्तावना**

कानेपोखरी गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक सम्पतिको संरक्षण लगायत समुदायमा स्थानीय कानुनको परिपालना गराई सुव्यवस्था कायम राख्न गाउँपालिकाको आफ्नै नगर प्रहरी संगठन स्थापना र संचालन गर्न बान्छनीय भएकोले नेपालको संबिधानको धारा ५७ अनुसूची ८ (१) र धारा २२६ (१) द्वारा प्रदत्त अधिकार र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१) को प्रयोग गरि मिति **२०७६/१२/०१ को** गाउँसभाले कानेपोखरी गाउँपालिकाको नगर प्रहरीको गठन, सञ्चालन तथा ब्यवस्थापन गर्न यो ऐन जारी गरेको छ।

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यस ऐनको नाम " कानेपोखरी गाउँपालिकाको नगर प्रहरी ऐन २०७६" रहेको छ

(२) यो ऐन कानेपोखरी गाउँपालिका भित्र लागू हुनेछ।

(३) यो ऐन कानेपोखरी राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषा :** विषय र प्रसङ्गले अर्को आर्थ नलागेमा यस ऐनमा :

(क) "ऐन" भन्नाले "कानेपोखरी गाउँपालिकाको नगर प्रहरी ऐन २०७६" लाई सम्झनु पर्दछ।

(ख) "गाउँपालिका" भन्नाले कानेपोखरी गाउँपालिकालाई सम्झनु पर्दछ।

(ग) "अध्यक्ष भन्नाले गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कानेपोखरी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ङ) "नगर प्रहरी" भन्नाले यस ऐन अन्तर्गत कानेपोखरी गाउँपालिकामा नियुक्त प्रहरी कर्मचारीलाई सम्झनुपर्छ।

(च) "गाउँपालिका प्रहरी प्रमुख" भन्नाले ड्यूटी अफिसरलाई सम्झनुपर्छ।

(छ) पालिका" भन्नाले कानेपोखरी गाउँपालिका सम्झनुपर्छ।

(ज) "गाउँ कार्यपालिका" भन्नाले कानेपोखरी गा.पा. को कार्यपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, गाउँ कार्यपालिका सदस्य समेतलाई सम्झनु पर्छ।

## परिच्छेद - २
## नगर प्रहरी सेवाको गठन, रेखदेख र नियन्त्रण

३. **पालिका प्रहरीको गठन :** (१) यस ऐन वमोजिम गाउँपालिकामा एक पालिका प्रहरीको गठन गरिनेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि प्रहरीको गठन र त्यसमा रहने संख्याको पद निर्धारण गाउँकार्यपालिकाले समय समयमा तोके बमोजिम हुनेछ।

४. **पालिका प्रहरी सेवाको रेखदेख र नियन्त्रणः** (१) गाउँपालिकामा गठन हुने प्रहरी सेवामा रेखदेख र नियन्त्रण यसै ऐन र प्रचलित कानुन बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ।

## परिच्छेद - ३
## पालिका प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

५. **पालिका प्रहरी कर्मचारीको कर्तव्य :** (१) पालिका प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

(क) गाउँपालिकाको नीति, कानुन, मापदण्ड तथा निर्णय कार्यान्वयन,
(ख) गाउँपालिकाको चल अचल सम्पतिको सुरक्षा र संरक्षण,
(ग) स्थानीयस्तरमा हुने सभा, समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,
(घ) स्थानीय बजार तथा पार्किंग स्थलको रेखदेख र व्यवस्थापन,
(ङ) गाउँपालिका सरसफाइ सम्बन्धी मापदण्डको कार्यान्वयन,
(च) न्यायिक समितिले गरेको मिलापत्र तथा निर्णयको कार्यन्वयन,
(छ) सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको सुरक्षा,
(ज) विपद व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनस्थापना,
(झ) स्थानीय प्राकृतिक स्रोत र अचल सम्पत्तिको संरक्षण चोरी निकासी नियन्त्रण,
(ञ) छाडा पशु चौपायाको नियन्त्रण,
(ट) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पति अतिक्रमण रोकथाम तथा नियन्त्रण,
(ठ) गाउँ कार्यपालिका कार्यालयले तोकेको अन्य कार्य ।

## परिच्छेद - ४
## तह सृजना र पदपूर्ति

६. **पालिका प्रहरीको दरवन्दी सृजनाः** (१) गाउँपालिकामा रहने पालिका प्रहरी कर्मचारीको दरवन्दी सृजना र खारेजी सम्बन्धी कार्य गाउँ कार्यपालिकाले गर्नेछ ।

(२) पालिका प्रहरीको दरवन्दी सृजना गर्दा त्यस्तो दरवन्दीमा रहने पदले गर्ने कार्य विवरण, अल्पकालीन तथा दीर्घकालीन रुपमा पर्ने वित्तीय दायित्यको विश्लेषण गरिनेछ ।

७. **पालिका प्रहरीमा रहने पदहरुः** (१) पालिका प्रहरीमा देहाय बमोजिमका पदहरु रहनेछन् ।

(क) पालिका प्रहरी सहायक निरीक्षक (सहायक स्तर पाँचौ, इन्चार्ज) वा गाउँकार्यपालिकाले तोकेको
(ख) पालिका प्रहरी हवल्दार (सहायक स्तर चौथो)
(ग) पालिका प्रहरी जवान (सहायक स्तर दोश्रो)

(२) पालिकामा रहने नगर प्रहरीको दरबन्दी उपदफा (१) बमोजिम कायम गरिए पनि गा.पा. को आर्थिक अवस्थालाई दृष्टिगत गरी गा.पा. ले तोकेको दरबन्दीमा मात्र नियूक्ति गर्न सकिनेछ ।

३) गाउँ कार्यपालिकामा यो ऐन बन्नु अघि कार्यरत पूर्व शैनिक,प्रहरी वा सशस्त्र प्रहरी कर्मचारीलाई वा म्यादी प्रहरीलाई गा.पा.को निर्णयमा नगर प्रहरी कर्मचारीमा रुपान्तरण गर्न सकिनेछ ।

८. **पदपूर्ति समितिको गठनः** (१) गाउँ कार्यपालिकाको वैठकले पालिका प्रहरी पदपूर्ती समितिको गठन गर्न सक्नेछ । तर गाउँपालिका स्थानीय सेवा ऐनमा रहेको पदपूर्ती समिति कृयाशील भएमा सोही समितिले नै नगर प्रहरी पदपूर्ति समितिको कार्य गर्न सक्नेछ ।

९. **करार सेवामा नियूक्ति गर्नु पर्नेः** (१) यस ऐनमा जुनसुकै कुरा उल्लेख गरेको भए पनि हाललाई पालिका प्रहरीको कुनै पदको पदपूर्तिको लागि रिक्त पदमा तोकिए बमोजिमका तहमा काम गर्नेगरी करारमा नियुक्ति गर्नु पर्नेछ ।

१०. **नगर प्रहरीको आवश्यक योग्यता** (१) नगर प्रहरीको योग्यता सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) पालिका प्रहरी सहायक निरीक्षकः यस पदको लागि कुनै विषयमा प्रमाणपत्र तह वा बाह्र कक्षा उतीर्ण गरी ४० वर्ष उमेर ननाघेको,

(ख) नगर प्रहरी सहायक चौथो तह (हवल्दार) का लागिः कुनै विषयमा माध्यमिक शिक्षा उत्तिर्ण गरी ४० वर्ष ननाघेको,

(ग) नगर प्रहरी जवानका लागि आधारभूत शिक्षा वा सो सरह उर्तीण गरी १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको,

(घ) सेवा निवृत्त भएका नेपाल प्रहरी, सशस्त्र प्रहरी वा नेपाली सेनाको उमेर हद ४५ वर्ष सम्म हुनेछ ।

(२) उपदफा (१) को प्रकरण नं. क, ख,ग र घ बमोजिमका पदमा नियुक्ति गर्दा नेपाल प्रहरी, सशस्त्र प्रहरी एवं नेपाली सेनाबाट निवृत्त भएका राजिनामा गरेका व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिईने छ । पदबाट सेवा निवृत्तको हकमा शैक्षिक योग्यताको बन्देज हुनेछैन । जुन पदमा रहेको हो, सो पदलाई आधार मानिनेछ । गाउँ कार्यपालिकाले एकतह थप गरी नियुक्ति दिन सक्नेछ ।

(३) दफा ७ को उपदफा १ (क, ख,ग र घ) बमोजिमका नगर प्रहरीको नियुक्ति गर्दा पदपुर्ति समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले नियुक्त दिनेछन ।

११. **विज्ञापन सम्बन्धी व्यवस्थाः** नगर प्रहरीको भर्नाको लागि विज्ञापन सम्बन्धी व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद - ५
## सजाय र पुनरावेदन

१२. **सजायः** उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ

क. नसिहत दिने,

ख. तलब बृद्धि रोक्का गने,

ग. तल्लो तहमा घटुवा गर्ने ,

घ. लापरवाही गरी गाउँपालिकलाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने,

ङ. भविष्यमा अयोग्य नठहरिने गरी नोकरीबाट बरखास्त गर्ने,

१३. **नसिहत दिनेः** (१) प्रमुख प्रशासकीय अधिकृतले दिएको आदेशको अवज्ञा गर्ने वा तोकिए बमोजिमको आफ्नो काम कर्तव्य पूरा नगर्ने नगर प्रहरी कर्मचारीलाई नसिहत दिईनेछ ।

(२) उपदफा (१) बमोजिम १ वर्षमा ३ पटक भन्दा वढी नसिहत पाएका नगर प्रहरी कर्मचारीलाई प्रकृया पुरा गरी सेवाबाट हटाउन सकिनेछ ।

१४. **तलब वा वढुवा रोक्नेः** नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब भत्ता वा पदोन्नती रोक्का गर्न सक्नेछ ।

१५. **तह र तलब घटाउनेः** (१) कुनै नगर प्रहरी कर्मचारीले देहाय बमोजिमको कसूर गरेमा निजलाई १ तह घटुवा गरी सोही घटुवा भएको तहको तलब भत्ता उपलब्ध गराईनेछ ।

क. सन्तोषजनक काम नगरेमा,
ख. अनुशासनहीनता गरेमा ,
ग. आचरण सम्बन्धी ऐन उल्लंघन गरेमा ,
घ. गाउँपालिकाले दिएको आदेश , निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा,
ङ. मनासिव कारण विना विदा स्वीकृत नगराई विदा बसेमा ,
च. तोकिए बमोजिमको जिम्मेवारीमा लापरर्वाही गरेमा वा पुरा नगरेमा ।

१६. **सेवाबाट हटाउने वा बर्खास्त गर्नेः** (१) नगर प्रहरी कर्मचारीलाई देहाय बमोजिमको कसुर गरेमा सेवाबाट हटाउन वा बर्खास्त गर्न सकिनेछ :

(क) अयोग्यताको कारण आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेमा,
(ख) राजनीतिमा भाग लिएमा,
(ग) बारम्बार अनुशासनहीन काम गरेमा,
(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट प्रमाणित भएमा ,
(ङ) कार्यालय समयमा मादक पदार्थ सेवन गरी हिडेमा,
(च) प्रचलित कानुन बमोजिम भ्रष्ट्राचारजन्य कसुर गरेमा,
(छ) पदीय जिम्मेवारी अनुसारको आचरण नगरेमा,
(च) आचरण सम्बन्धी नियमहरु पटक पटक उल्लंघन गरेमा ।

१७. **सजाय सम्बन्धी कार्यविधिः** (१) प्रहरी कर्मचारीलाई सजाय गर्ने र गराउन आदेश दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ :

(२) नगर प्रहरीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न थालिएको विषयमा र सजाय स्पष्ट खुलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ । त्यस्तो सफाई पेश गर्न आदेश दिँदा लगाइएका आरोप स्पष्ट रुपले किटिएको हुनु पर्दछ । त्यस्तो प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकारीले तोकिएको म्याद भित्र आफ्नो सफाई र प्रस्तावित सजायको लिखित रुपमा स्पष्टीकरण पेश गर्नु पर्दछ ।

तर भागी पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्बन्धमा यस ऐन बमोजिमको ऐनको रीत पुर्‍याउनु पर्नेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले गरेको कार्वाहीमा चित्त नबुझेमा ७ सात दिन भित्र गाउँ कार्यपालिकामा आˆनो व्यहोरा उल्लेख गरी निवेदन दिन सकिनेछ ।

(४) गाउँ कार्यपालिकाले सजाय कम गर्ने वा मुनासिफ माफिक कारण भएमा माफी दिन सक्नेछ ।

१८. **प्रतिवेदन दिने** : (१) प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरी कर्मचारीलाई दिएको नसिहत,सजायको जानकारी गाउँकार्यपालिकालाई प्रतिवेदनको रुपमा पेश गर्नु पर्नेछ ।

(२) गाउँ कार्यपालिकाले उक्त सजाय थप,घट, सदर वा बदर गर्न सक्नेछ ।

१९. **पुनरावेदन लाग्नेः** दफा १२ बमोजिमको कारबाहीमा चित्त नबुझेमा पैतीस दिनभित्र उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**परिच्छेदः ६**

**पारिश्रमिक, तलब भत्ता, सेवा सुविधा सम्बन्धी व्यवस्था**

२०. **पारिश्रमिक, राशन, बिदा तथा अन्य सुविधाः** (१) नगर प्रहरीको पारिश्रमिक,तलब, भत्ता राशन, बिदा तथा अन्य सेवा शर्त र सुविधा यस ऐन, नियम र करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(२) कार्यालयलाई नगर प्रहरीको सेवा आवश्यक छ भन्ने लागेमा निजको कार्य सम्पादनको आधारमा करारको म्याद आवश्यकता अनुसार थप गर्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखेको भएतापनि कार्य सम्पादन स्तर संन्तोष जनक नरहेको ठहर भएमा नगर प्रहरीको सेवा करार सम्झौता गाउँकार्यापालिकाले जुनसुकै समयमा रद्द गर्न सक्नेछ।

**परिच्छेदः ७**

**पोशाक र दर्ज्यानी चिन्ह**

२१. **पोशाक र चिन्हः** नगर प्रहरीको दर्ज्यानी चिन्ह, ब्याज, पोशाक र सोको रंग सम्बन्धी व्यवस्था कार्यपालिकाद्धारा तोकिए बमोजिम हुनेछ।

**परिच्छेदः ८**

**विविध**

२२. **तालिमः** (१) छनौट भएका गाउँ प्रहरीलाई औपचारिक जिम्मेवारीमा खटाउनु पूर्व नेपाल प्रहरीसँगको समन्वयमा न्युनतम सात दिनको आधारभूत तालिम प्रदान गर्नुपर्नेछ।

२३. **पुरस्कारः** प्रशंसनीय एवं उत्कृष्ट कार्य सम्पादन गर्ने गाउँ प्रहरीलाई गाउँपालिकाको कार्यालयले पुरस्कृत गर्न सक्नेछ। पुरस्कार नगद वा जिन्सी गाउँपालिकाले तोके बमोजिम हुनेछ।

२४. **कार्य सञ्चालन प्रक्रियाः** कार्यालयले गाउँ प्रहरीको कार्य सञ्चालन प्रक्रिया बनाई लागू गर्न सक्नेछ।

२५. **नियम बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नलाई कार्यपालिकाले आवश्यक नियमावली तथा कार्यविधि बनाउन सक्नेछ।

२६. **यस** ऐन बमोजिम हुने :प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम हुनेछ।

**आज्ञाले,**

**गायत्र श्रेष्ठ**

**प्रमुख प्रशासकीय अधिकृत**